# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी
# कृषि उपकरण खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान
# Terms of Reference (TOR)

## परिचय :

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमतिद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९, सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्धारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहलगरिएका परियोजनाहरु मूख्यतया चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

कृषि यान्त्रीकरण परियोजना अर्न्तगत परियोजना सञ्चालित क्षेत्रमा केही थान ट्रयाक्टर र कम्वाईन हार्वेस्टर खरिद गरि सम्बन्धित पालिकामा रहेका समूह तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीमा भएका उपकरणहरुको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रसम्म उपकरणहरु ढुवानी सेवा दिन सक्ने भएमा ढुवानीको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचनाप्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र पेश गर्नु पर्ने छ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाहीहुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ। कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. आधिकारीक डिलरसिप लिएको प्रमाण पत्रको प्रतिलिपि

११ आवश्यक उपकरण र परिमाण

| **क्र.स.** | **विवरण** | **इकाई** | **आवश्यक परिमाण** | **कैफियत** |
|---|---|---|---|---|
| क. | ट्र्याक्टर (४० देखि ५० HP भएको) | संख्या | ४ | यदि उल्लेखित बाहेक अरु थप सेवा सुबिधा उपलब्ध हुने भएमा, कृपया विशिष्टता र वारेन्टी प्रदान गर्नुहोस् |
| ख. | कम्वाईन हार्वेस्टर | संख्या | १ | |

नोट : माथि उल्लेखित सामाग्रीहरुको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ। माथि उल्लेखित ट्र्याक्टर संख्या आवश्यकता हेरि थपघट हुन सक्ने छ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा **"कृषि उपकरण खरिद"** लेखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् २०७७ असोज ३ गते तदनुसार 19th September, 2020 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ।

उपकरणहरुको विवरण सूची- १

| क.स. | विवरण | क्षमता | ईकाई | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली | इकाई दर भ्याट सहित (ने.रु) | इकाई दर अक्षरमा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क. | ट्रयाक्टर<br>Tractor<br>Tractor Power= 40 to 50 HP; Air filter dry type; PTO RPM 540/1000; Fuel tank 50-60 lit.; lifting capacity 1600 kg to above; 3/4 cylinder engine, steering : power steering, Duel clutch, High torque backup, High fuel efficiency; warranty 2 to 3 yrs.; Suitable for more application | | १ वटा | | | | |
| | | | १ वटा | | | | |
| | | | १ वटा | | | | |
| | | | १ वटा | | | | |
| ख. | कम्वाईन हार्वेस्टर Combine Harvester | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Higher engine power 101 hp, 2200 RPM Cutter bar width 4.26 m almost double , Harvesting efficiency 1.2 ha/hr = 9.6 ha/day considering 8 hr operation; huse capacity of diesel tank 320 lit.<br><br>Feeding capacity: power hp: RPM: working width: Harvesting efficiency: Driving system (4WD/track), Crop suitable: SMS system: lower operation cost, higher efficiency and price | | | | | | |
| | | | | | | | |

नाम :

हस्ताक्षर :

छाप :

मिति :